# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्या: २०८१/८२
चलानी नम्बर: ९०
सूचना

बाखा प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८१/०८/०६ गते बिहिबार)

प्रस्तुत विषयमा लुङ्ग्री गाउँपालिका अन्तर्गत पशुपन्छी विकास शाखाको आ.व.२०८१/८२ मा संचालन हुने लुम्बिनी प्रदेश सरकारद्वारा सशर्त हस्तान्तरित बाखा प्रवर्द्धन कार्यक्रम स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि,२०८१ अनुरुप साझेदारीमा संचालन गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र अर्थात (मिति२०८१/०८/२१ गतेसम्म) यस गाउँपालिका भित्र रहेका इच्छुक दर्तावाला व्यवसायिक पशुपालक फर्म/कम्पनी/कृषक समुह/सहकारी संस्थाहरुको तपसिल बमोजिम आवश्यक कागजात सहित यसै गाउँपालिकाको पशुपन्छी विकास शाखामा आवेदन पेश गर्नहुन सम्बन्धित सम्पूर्ण सरोकारवाला लाभग्राहीमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स | कार्यक्रम | जम्मा बजेट (रु. लाखमा) | मापदण्ड | अनुदान सीमा | कै |
|---|---|---|---|---|---|
| १. | बाखा प्रवर्द्धन कार्यक्रम | १५ | • पहाडमा र तराईमा प्रति फर्म कम्तिमा ५ माउ बाखा पालेको हुनुपर्ने,<br>• समूह/सहकारीको हकमा कम्तिमा ५० माउ बाखा पालेको हुनुपर्ने,<br>• पशुहरुको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी/कृषक समुह/सहकारी संस्थालाई प्राथमिकता दिने। | • पूर्वाधार र नक्षसुधारमा ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत,<br>• फर्म/कम्पनी प्रति आयोजना अधिकतम रु १ लाख र समुह/सहकारी अधिकतम रु ५ लाखसम्म अनुदान दिने। | |

पेश गर्नु पर्ने कागजातहरु:

१. निवेदन,
२. कृषक समुह/सहकारीको हकमा निर्णयको प्रतिलिपि-१,
३. सम्बन्धित वडा कार्यालयको सिफारीस,
४. फर्म/कम्पनी/कृषक समुह/सहकारी संस्थाको फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
५. कर चुक्ताको प्रतिलिपि-१,
६. स्थायी लेखा नं. (PAN) को प्रतिलिपि-१,
७. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१,
८. जग्गाधनिको लालपुर्जा वा भाडाको जग्गा भएमा सम्झौता पत्रको प्रतिलिपि-१।

नोट: थप जानकारीको लागि गाउँपालिकाको पशुपन्छी विकास शाखाको सम्पर्क नम्बर ९७६७३४४६४९/९८४५५८३२१२ मा सम्पर्क गर्न अनुरोध छ।

चक्र बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत